## प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालिम केन्द्र

## कोशी प्रदेश, भद्रपुर, झापा

**सीप विकास तालिम सञ्चालनको लागि दरखास्त आह्वान सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१।१०।०४

यस केन्द्रबाट आ.व.०८१।०८२ को दोश्रो सत्रमा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सीप विकास तालिमहरु सञ्चालन गर्न/गराउनको लागि मिति:२०८१।१०।०४ गते प्रथम पटक सूचना प्रकाशित गरिएको छ। सूचनामा उल्लेख भएका तालिमहरुको प्रस्ताव फाराम इच्छुक स्थानिय तह/वडा कार्यालय, गैर नाफामूलक, गैरसरकारी , सामुदायिक वा सामाजिक संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ ।प्रशिक्षार्थीहरुबाट तालिम वापत कुनै शुल्क लिइने छैन र प्रशिक्षणमा तालिम सामाग्री उपकरण र प्रशिक्षक वाहेक थप सुविधा पनि उपलब्ध हुने छैन ।

१ स्थानिय निकाय/वडा कार्यालय, गैर नाफामूलक, गैरसरकारी ,सामुदायिक वा सामाजिक संघ संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने तालिमहरु

| सिनं | तालिमको विषय | तालिमको अवधि | प्रस्ताव फाराम पाईने स्थान |
|---|---|---|---|
| १ | विद्युत जडान | ३ महिने (३९० घण्टा) | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र भद्रपुर झापा |
| २ | प्लम्बिङ्ग | ३ महिने (३९० घण्टा) | |
| ३ | केश श्रृंगार | ३ महिने (३९० घण्टा) | |
| ४ | ढाका बुनाई | ३ महिने (३९० घण्टा) | |

### तालीम सञ्चालन गर्न इच्छुक निकाय वा संघ संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु

१ संघ संस्थाहरुले दर्ता प्रमाण-पत्र, अद्यावधिक नविकरणको प्रमाण, समाज कल्याण परिषदमा आवद्धताको प्रमाण, पान नं.प्रमाण-पत्र, मु.अ.क.दर्ता प्रमाण-पत्र, स्वीकृत विधानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारीक पदाधिकारीबाट लिखित अनुरोध पत्र सहित तोकिएको प्रस्ताव फाराम निशुल्क प्राप्त गरि यस केन्द्रमा कार्यालय समय भित्र बुझाई सक्नुपर्ने छ।कागजात प्रतिलिपि बेगर प्रस्ताव फाराम प्राप्त गर्न र बुझाउन पाईने छैन ।

२ तालिम संचालनको लागि थप व्यवस्थापन एवं तालिम कक्ष, विद्युत, पानी र शौचालय लगायनका सुविधा स्थानीय तह/वडा कार्यालय संघ संस्थाहरुले नै निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

३ अन्य कुराहरु व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका २०७७ वमोजिम हुनेछ ।

२०८१।१०।०४

नि.केन्द्र प्रमुख

नि. केन्द्र प्रमुख

फोन नं.-०२३-५२३३०५

ईमेल-skilljhapa@gmail.com

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालिम केन्द्र

कोशी प्रदेश, भद्रपुर, झापा

## प्रशिक्षकको सूची(Roster) मा नाम समावेश सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१।१०।०४**

यस केन्द्रमा आ.व.०८१।०८२मा संचालन गरिने निम्न व्यावसायिक तथा सीप मूलक तालिम संचालन गराउन आवश्यक पर्ने प्रशिक्षकको सूची निर्माण तथा अद्यावधिक गर्नको लागि मिति-२०८१।१०।०४ गते सूचना प्रकाशित गरिएको हुँदा सम्बन्धित विषयको प्रशिक्षकको सूचीमा समावेश हुन इच्छुक तोकिएको योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको दरखास्त फाराम भरी रु.१०।को टिकट टाँसी सम्बन्धित केन्द्रमा स्वयमं व्यक्ति उपस्थित भई दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तालीमको लागि सूची (**Roster**) निर्माण तथा अद्यावधिक हुने विषयहरु

| क्र.स. | विषयहरु | निवेदन फाराम पेश गर्न सकिने केन्द्र | अवधि | तालिम सञ्चालन हुने स्थान |
|---|---|---|---|---|
| १ | नेपाली कुजिन कुक | व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, भद्रपुर झापा | १ महिने | २ नं. वडा कार्यालय,फिदिम न.पा. |
| २ | बारिष्टा |  | १ महिने | १ नं. वडा कार्यालय,फिदिम न.पा |

योग्यता

| सि.नं. | शैक्षिक योग्यता वा तालिम वा अनुभव |
|---|---|
| १ | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयवाट स्नातक उत्तीर्ण गरी शिक्षण/प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाण-पत्र/डिप्लोमा तह उत्तिर्ण गरेको शिक्षण/प्रशिक्षण तालिम लिएको र कम्तिमा ५ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सिप तह ३ उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव भएको । |
| २ | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयवाट प्रमाण-पत्र डिप्लोमा तह उत्तिर्ण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सीप तह-३ उत्तीर्ण भएको वा प्राविधिक एस.एल.सी वा सीप तह २ उत्तिर्ण गरी ३ वर्षको कार्य अनुभव भएको । |
| ३ | सम्बन्धित विषयमा प्राविधिक एस.एल.सी.उत्तिर्ण वा सीप तह-२ उत्तीर्ण गरी शिक्षण प्रशिक्षणको तालिम लिएको |

द्रष्टव्य

- दरखास्त फाराम साथ शौक्षिक योग्यताका प्रमाणपत्रहरु नेपाली नागरिकताको प्रमाण पत्र,सम्बन्धित तालिमको प्रमाण-पत्र, सिप परिक्षणकको प्रमाण-पत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातका प्रतिलिपिहरु संलग्न गरि ति प्रतिलिपिहरुमा व्यक्ति स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि दस्तखत गरि तोकिएको म्यांद भित्र पेश गर्नुपर्नेछ ।
- तोकिएको योग्यता पुगेकोमा एक भन्दा बढी विषय (**Trade**) मा पनि दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ ।
- सूची (**Roster**) निर्माण तथा अद्यावधिक गर्नका लागि सम्बन्धित केन्द्रमा पर्न आएका दरखास्त उपर छानविन गरि तोकिएका योग्यता पुगेका दरखास्तवाला प्रशिक्षकहरुको सूची निर्माण तथा अद्यावधिक गर्ने काम सम्बन्धित केन्द्र कै हुनेछ ।
- सूचनाको म्याद समाप्त भएको १५ दिन भित्र योग्य व्यक्तिको सूची केन्द्रले प्रकाशित गर्नेछ ।
- रित नपुगेको दरखास्त फाराम स्वीकार गरिने छैन ।
- सूचीमा नाम समावेश गर्ने/नगर्ने अधिकार सम्बन्धित केन्द्रमा सुरक्षित रहनेछ।
- सूचीमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट केन्द्रले आवश्यक परेको वखतमा मात्र प्रशिक्षणमा खटाउन सक्नेछ ।
- यो सूची आ.व.०८१/०८२ को लागि मात्र कायम रहनेछ ।
- अन्य कुराहरु व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका २०७७ बमोजिम हुनेछ ।

२०८१।१०।४

नि.केन्द्र प्रमुख

नि. केन्द्र प्रमुख

फोन नं.-०२३-५२३३०५

ईमेल-skilljhapa@gmail.com